बैठक संख्या : २४ स्थान : राप्ती न.पा. वडा नं. २ सेमाउल सहकारी भवन गड्यौली

मिती : २०७५।१।४ गते समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा न ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

**आमन्त्रित** : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रस्तावहरु**

१. डकर्मी तालिम संचालन सम्बन्धमा ।
२. विद्यार्थी भर्ना अभियान सम्बन्धमा ।
३. विषयगत कार्यालयबाट हस्तान्तरण भइ आएको सम्पत्ति सम्बन्धमा ।
४. योजना संशोधन सम्बन्धमा ।
५. विद्यालय समायोजन मापदण्ड तथा समायोजन सम्बन्धमा ।
६. सडक डिभिजन कार्यालयबाट प्राप्त बन सम्बन्धित कार्यालयको पत्र सम्बन्धमा ।
७. शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा केन्द्रीय आयोजना कार्यान्वय इकाइ भूकम्पीय आवास पुन निर्माण आयोजना ज्वागल, ललितपुरको च.नं. ५९८ मिति २०७४।१२।२२ को पत्रबाट यस नगरपालिकामा ६ वडा तालिम कार्यक्रमको आयोजना गरि १५० जना सहभागिहरुलाई डकर्मी तालिम दिन ट्रेनिङ सेन्टर नेपाललाई कार्यादेश दिइएको हुँदा भूकम्प प्रतिरोधि संरचना निर्माण गर्न यस नगरपालिकामा यही २०७५ बैसाख महिनामा संचालन गर्ने डकर्मी तालिमको लागि देहायको स्थानमा सम्बन्धीत वडा अध्यक्षहरुले समन्वय गरी २५/२५ जना सहभागी पठाई सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क सं. | तालिम संचालनको स्थान | सहमागी हुने वडा | संख्या |
|---|---|---|---|
| १ | सेमाउल सहकारीको सभाहल राप्ती-२ | १, २ र ३ | २५ जना |
| २ | जन जागृति हरियाली तथा ताजा तरकारी संस्थाको सभाहल राप्ती-५ | ४, ५ र ६ | २५ जना |
| ३ | ७ नं. वडा कार्यालयको सभाहल राप्ती-७ | ७, ८ र ९ | २५ जना |
| ४ | चौघारा राप्ती-१० | १० र १२ | २५ जना |
| ५ | थाकलटार राप्ती-११ | ११ र १२ | २५ जना |
| ६ | कालिटार राप्ती-१३ | १३ | २५ जना |

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा “**हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभुत शिक्षा**” भन्ने मुल नारालाई आत्मासाथ गर्दै विद्यार्थी भर्ना अभियानको लागि जन प्रतिनिधिको अगुवाईमा टोल विकास संस्थाका प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ लगायतका प्रतिनिधिहरुसंग समन्वय गरि प्रत्येक अभिभावकसँग प्रत्यक्ष भेटघाट गरि उक्त अभियानलाई भव्यताको साथ सफल पार्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सबै विषयगत कार्यालयहरुबाट गरिने काम कारबाहीहरु स्थानीय तहबाटै सम्पादन गरिनुपर्ने भएकोले जिल्ला स्थित विषयगत कार्यालयमा रहेका राप्ती नगरपालिका भित्रका चल अचल सम्पत्ति हस्तान्तरण गर्ने सम्बन्धमा देहायका कार्यालयबाट देहाय बमोजिम अभिलेख तथा कर्मचारी हस्तान्तरण भएको व्यहोरा अवगत भयो र सो बमोजिम कार्यालयले आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

१. सहकारी डिभिजन कार्यालयबाट ५३ वटा सरकारी संस्थाको फाईल :-
२. जिल्ला कृषि विकास कार्यालयबाट भण्डारा गा.वि.स. ८/ग कित्ता नं. १२७ ज.वि. ०-४-० वा ७९ वर्ग मिटर जग्गा ,
३. राप्ती नगरपालिका भित्र रहेका ६ वटा स्वास्थ्य चौकीहरु (पिप्ले, भण्डारा, विरेन्द्रनगर, कोराक लोथर र वासवाङ) र सामुदायिक स्वास्थ्य केन्द्र खहरे समेत कर्मचारी स्थायी ३५ जना र अन्य चल अचल सम्पत्ति

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल हुदा चालु आ.व. का लागि प्रथम नगरसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुमा केही संशोधन गर्नुपर्ने विषयमा नगर कार्यपालिकाको बैठकमा भएको समझदारीलाई मध्यनगर गर्दै स्वीकृत योजनाहरु सम्बन्धित वडाको सिफारिसको आधारमा अनुसूची १ बमोजिम योजना संशोधन गरी संचालन गर्ने निर्णय गरियो ।

| क्र सं. | क्र सं. पुरानो | पहिलेको योजना | वडा नं. | रकम | क्र सं. | संशोधित योजना | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | इको पार्क निर्माण | १ | ६००००० | १ | डुम्बरे घोल जाने बाटो ढलान थप | ६००००० | गौरवको योजनाबाट |
| २ | १५ | गल्फ कोट निर्माण झ्याल चौर/डमबरे घोल जाने बाटो ढलान | १ | ५००००० | २ | गल्फ कोट निर्माण झ्याल चौर/ क्रिकेट खेलकुद मैदान मर्मत तथा कम्पाउण्ड वाल निर्माण | ५००००० | गौरवको योजनाबाट |
| ३ | ३० | फुटकर योजना संचालन मध्यबाट | २ | ३००००० | ३ | फोहोर संकलन गर्ने सामग्री खरिद | ३००००० | वडाको योजना |
| | | | २ | ५०००० | ४ | खानेपानी मर्मत रात्ती-२ | ५०००० | वडाको योजना |
| | | | २ | २०००० | ५ | प्रगति बगर टोलमा प्रतिक्षालय निर्माण | २०००० | वडाको योजना |
| ३ | ६० | लोथर देखि कृष्णको घर सम्म फिनिसिङ वाल निर्माण | ३ | १२००००० | ६ | लोथर देखि कृष्णको घर सम्म बाटो ढलान | १२००००० | गौरवको योजनाबाट |
| ४ | ३४ | प्रतापपुर माउ कुलो अन्तर्गत शाखा कुलो निर्माण लाइलिङ | ३ | ३००००० | ७ | प्रतापपुर ३ नं शाखा कुलोको छेउमा बाटो ग्रेवल | ३००००० | वडाको योजना |
| ५ | ३९ | मत्स्य विकास केन्द्रमा बोरिङ्ग निर्माण | ५ | ५००००० | ८ | भण्डारा शिखर बस्ती खानेपानी योजना निर्माण | ५००००० | गौरवको योजनाबाट |
| ६ | २ | वडा समितीको कार्यालय तत्काल संचालन गर्न पानीसरा ढापको आसपास तथा सोही वरीपरि घरभाडामा लिइ कार्यालय संचालन गर्ने ८५००००। मध्य | ९ | १५०००० | ९ | जरुवा कुलो अमृतपानीको कुलो मर्मत सुधार | १५०००० | वडाको योजना |
| ७ | ४३ | वडा कार्यालय निर्माण | ११ | २०००००० | १० | वडा कार्यालय जाने बाटो निर्माण | ५००००० | वडाको योजना |
| | | | | | ११ | कोराङ थाकलटार हुदै वरिन्टार हात्तीढाप विद्युत विस्तार योजना थप | ६००००० | वडाको योजना |
| | | | | | १२ | ठुलो मर्ताल केराङ भलपानी हुदै विद्यपानी ओनेवाङ विद्युत विस्तार योजना | ९००००० | वडाको योजना |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राप्ती नगरपालिका भित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न र प्रशासकीय रुपले छिटो, छरितो गराउदै शिक्षक र विद्यार्थी अनुपात मिलाउने कार्यको लागि शिक्षा ऐन नियम बमोजिम विद्यालय समायोजन तथा कक्षा घटाई गरी कार्यान्वयन गर्न राप्ती नगरपालिका शिक्षा समितिद्धारा तयार गरि कार्यान्वयनमा ल्याइएको शिक्षा समितिबाट स्वीकृत देहाय बमोजिम मापदण्ड तथा विद्यालय समायोजन सम्बन्धी निर्णयलाई अनुमोदन गरी सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

## राप्ती नगर शिक्षा समितिको मिति २०७५।१।१ को निर्णय

**निर्णय नं १**

विद्यालय समायोजन सम्बन्धमा तयार गरिएको देहायको मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

### विद्यालय समायोजन सम्बन्धी मापदण्ड

### विद्यालय समायोजन

**१. विद्यालय समायोजन सम्बन्धी व्यवस्था**

१.१ स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत दफा ११ उपदफा १ को खण्ड ज को वुदा नं १२ मा विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन गर्ने सक्ने व्यवस्था एवम् वुंदा नं ५ मा गाभिएका वा वन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन सम्बन्धी व्यवस्था रहेको छ ।

१.२ राप्ती नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा ९ को उपदफा ४ मा उल्लेख भएको नगर शिक्षा समितिको काम कर्तव्य र अधिकार अन्तर्गत वुंदा नं द मा नगर क्षेत्रभित्र विद्यालय संचालन अनुमति विद्यालय सार्ने गाभ्ने समायोजन गर्ने सम्बन्धी व्यवस्था रहेको छ ।

१.३ सोही ऐनको दफा १९ मा नगरपालिकाले शिक्षा समतिको राय लिई दुई वा दुई भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न एउटा विद्यालय अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा वन्द गर्न सक्नेछ भन्ने व्यहोरा रहेको छ ।

**२ समायोजनका आधारहरु**

२.१ देहायको कुनै अवस्थामा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ ।

क. शिक्षा ऐन नियमावली अनुसारको पूर्वाधार कायम नरहेमा ।

ख. दुई वा सो भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको भएमा ।

ग. दुई वा सो भन्दा बढी विद्यालय बीचको पैदल दुरी ३० मिनेट भन्दा कम रहेमा ।

घ. दुई वा सो भन्दा बढी विद्यालयको विद्यालय व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएमा

ङ. नजिकमा रहेका दुई वा सो भन्दा बढी विद्यालयहरु मध्ये एउटा वा सवैमा विद्यार्थी संख्या देहाय अनुसार भएमा ।

| कक्षा १-३ | कक्षा १-५ | कक्षा ६-८ |
|---|---|---|
| ६० जना | १०० जना | ६० जना |

च. नजिकको दुरीमा रहेका र आपसमा गाभीएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सो भन्दा बढी विद्यालय ।

छ. जनसंख्या वृद्दिदर कम भएको जनसंख्या वृद्दप घट्दो दरमा भएको र भविष्यमा पनि जनसंख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सो भन्दा बढी विद्यालयहरु ।

ज. भौगोलिक रुपले विकटता नभएको अवस्था ।

झ. दुई वा दुई भन्दा ब९ विद्यालय गाभी नयां विद्यालय स्थापना गर्नका लागि सम्बन्धित विद्यालय र वडा कार्यालयको संयुक्त सिफारिसबाट तोकिएको स्थानमा विद्यालय स्थापना हुनेछ ।

**३. विद्यार्थी संख्याको आधारमा समायोजन**

३.१ कुनै विद्यालयमा देहायको विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी संख्या पुग्ने प्रयाप्त आधार नदेखिएमा शिक्षा शाखाको सिफारिसमा शिक्षा समितिको राय लिई नगरपालिकाले त्यस्तो विद्यालय बन्द गरी अर्को पायक पर्ने विद्यालयमा समायोजन गर्न सक्नेछ ।

| कक्षा १-३ | कक्षा १-५ | कक्षा ६-८ |
|---|---|---|
| ३० जना | ५० जना | ३० जना |

तर ३० मिनेटको दुरीमा अन्य विद्यालय नरहेको , रहेको तथा अलग्गै बस्ती भएको र भौगोलिक रुपले विकट भएमा त्यस्तो विद्यालयलाई समायोजन गरिनेछैन ।

**४ समायोजन वा गाभिएका विद्यालयको नामाकरण**

४.१ समायोजन हुने वा गाभिने दुवै विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णयबाट अनुरोध भई आएमा गाभिने विद्यालयको नाम गाभिएको विद्यालयको नामको पछाडि थप गरी नामाकरण गर्न सकिनेछ ।

४.२ दुई वा सो भन्दा बढी विद्यालयहरु आपसमा गाभीई नयां ठाउंमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता स्थानीयता र ऐतिहासिकता झल्किने साविकको नाम वा नयां नाम राख्न सकिनेछ ।

**५ गाभिने विद्यालयको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था**

५.१ विद्यालय गाभिए पछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरुको सवै चल अचल सम्पत्ति दाखिल खारेज गरी नयां कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि मालपोत कार्यालयमा सिफारिस गरिनेछ ।

५.२ समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले वडा कार्यालयको सिफारिस तथा नगरपालिकाको अनुमतिमा गाभिएको विद्यालय भवनमा प्रारम्भिक वाल शिक्षा कक्षा वैकल्पिक शिक्षा सामुदायिक पुस्तकालय सामुदायिक वाचनालय एवम् सामुदायिक शैक्षिक कार्यक्रम संचालन गर्न सक्नेछन् ।

५.३ १ र २ बमोजिम भौतिक संरचनाको उपयोग हुन नसक्ने देखिएमा नगरपालिकाले त्यस्तो सम्पत्ति अन्य कुनै सरकारी तथा सामुदायिक काममा उपयोग गर्ने तथा संरक्षण गर्ने व्यवस्था गर्नेछ ।

**निर्णय नं २**

समितिको मिति २०७४।१२।२५ को निर्णयानुसार गठन भएको विद्यालय समायोजन तयारी उपसमितिको सिफारिस समेतका आधारमा विद्यार्थी संख्या न्यून रहेका देहायका विद्यालयहरुलाई समायोजन( गाभ्ने, कक्षा घटाउने) गर्ने निर्णय गरियो ।

क. देहायका विद्यालयहरुमा वाल शिक्षा कक्षा यथावत राखी अन्य कक्षाहरु निम्नानुसार विद्यालयमा गाभ्ने ।

| क्र सं | विद्यालयको नाम ठेगाना | संचालित कक्षा | विद्यार्थी संख्या | गाभिने विद्यालय |
|---|---|---|---|---|
| १ | ल्याङलिङ आ वि राप्ती १२ | १-३ | ७ | रा आ वि सुरखण्डी राप्ती ११ |
| २ | शिवपुरी आ वि राप्ती २ | १-३ | १२ | भोलेबाबा आ वि राप्ती २ |
| ३ | भैरव आ वि पुरवारी राप्ती ६ | १-५ | २४ | रा आ वि धमौरा राप्ती ६ |

ख. देहायको विद्यालयहरुको कक्षा ४ र ५ घटाउने साथै २०७५ वैशाख २० गते सम्म कक्षा १-३ का लागि न्यूनतम विद्यार्थी संख्या ६० पुगेमा १-३ संचालन गर्न दिने ।

| क्र सं | विद्यालयको नाम ठेगाना | संचालित कक्षा | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | रा आ वि हर्दी राप्ती ६ | १-५ | ३७ | |
| २ | नमूना आ वि राप्ती १ | १-५ | ३९ | |

ग. रा आ वि चित्रकोटमा विद्यार्थी संख्या १२ रहेको सन्दर्भमा वैशाख २० गते सम्म १-३ को न्यूनतम विद्यार्थी संख्या ६० पुगेमा यथावत संचालन गर्न दिने ।

**निर्णय नं ३**

गाभिएका विद्यालयको दरवन्दी लगायत विद्यार्थी शिक्षक अनुपातका आधारमा दरवन्दी मिलानको मापदण्ड सहितको तयारी गरी समितिमा पेश गर्न देहाय अनुसार उप समिति गठन गर्ने निर्णय गरियो

१. सामाजिक विकास समिति संयोजक श्री पुष्पा के सी संयोजक
२. शिक्षा समिति सदस्य श्री विष्णुहरि कंडेल सदस्य
३. शिक्षा समिति सदस्य श्री हुमकान्त अधिकारी सदस्य

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा डिभिजन सडक कार्यालय भरतपुर चितवनको प.सं. ०७४/७५ च.नं. १४१९ मिति २०७५।१।२ को पत्रबाट सडक क्षेत्राधिकार भित्रका जग्गाको रुख विरुवा हटाउन जिल्ला वन कार्यालयको स्वीकृतिमा गर्न सकिने भन्ने सम्बन्धमा छलफल हुँदा वडा कार्यालय, टोल विकास संस्था, स्थानीय बासिन्दा समेतको भेलाबाट सम्बन्धित स्थानको सडक क्षेत्रधिकार भित्र रहेका चौतारा, प्रतिक्षालय आदिलाई संरक्षण गर्दै सडक सफा गर्ने कार्यलाई निरन्तरता दिई काम गराउने र सोही सडकमा ग्रेडर लगाउन आवश्यक इन्धन माग भएमा इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राप्ती नगरपालिकामा वडा नं. ५ निवासी जनताका प्यारा नेता श्री जागृत प्रसाद भेटवालको मिति २०७४।१२।२१ गते भएको असामायिक निधनले हामीलाई स्तव्ध बनाएको छ । यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्ने र शोक सन्तप्त परिवारजनमा हार्दिक संवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

| क्र सं. | क्र सं. पुरानो | पहिलेको योजना | वडा नं. | रकम | क्र सं. | संशोधित योजना | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | इको पार्क निर्माण | १ | ६००००० | १ | डुम्बरे घोल जाने बाटो ढलान थप | ६००००० | गौरवको योजनाबाट |
| २ | १५ | गल्फ कोट निर्माण झ्याल चौर/डमबरे घोल जाने बाटो ढलान | १ | ५००००० | २ | गल्फ कोट निर्माण झ्याल चौर/ क्रिकेट खेलकुद मैदान मर्मत तथा कम्पाउण्ड वाल निर्माण | ५००००० | गौरवको योजनाबाट |
| ३ | ३० | फुटकर योजना संचालन मध्यबाट | २ | ३००००० | ३ | फोहोर संकलन गर्ने सामग्री खरिद | ३००००० | वडाको योजना |
| | | | २ | ५०००० | ४ | खानेपानी मर्मत रात्ती-२ | ५०००० | वडाको योजना |
| | | | २ | २०००० | ५ | प्रगति बगर टोलमा प्रतिक्षालय निर्माण | २०००० | वडाको योजना |
| ३ | ६० | लोथर देखि कृष्णको घर सम्म फिनिसिङ वाल निर्माण | ३ | १२००००० | ६ | लोथर देखि कृष्णको घर सम्म बाटो ढलान | १२००००० | गौरवको योजनाबाट |
| ४ | ३४ | प्रतापपुर माउ कुलो अन्तर्गत शाखा कुलो निर्माण लाइलिङ | ३ | ३००००० | ७ | प्रतापपुर ३ नं शाखा कुलोको छेउमा बाटो ग्रेवल | ३००००० | वडाको योजना |
| ५ | २ | वडा समितीको कार्यालय तत्काल संचालन गर्न पानीसरा ढापको आसपास तथा सोही वरीपरि घरभाडामा लिइ कार्यालय संचालन गर्ने ८५००००। मध्य | ९ | १५०००० | ८ | जरुवा कुलो अमृतपानीको कुलो मर्मत सुधार | १५०००० | वडाको योजना |
| ६ | ४३ | वडा कार्यालय निर्माण | ११ | २०००००० | ९ | वडा कार्यालय जाने बाटो निर्माण | ५००००० | वडाको योजना |
| | | | | | १० | कोराङ थाकलटार हुदै वरिन्टार हात्तीढाप विद्युत विस्तार योजना थप | ६००००० | वडाको योजना |
| | | | | | ११ | ठुलो मर्ताल केराङ भलपानी हुदै विद्यपानी ओनेवाङ विद्युत विस्तार योजना | ९००००० | वडाको योजना |